वर्ष १६ । अंक ३८ । काठमाडौं । शुक्रवार, ३० असोज २०७७ । Friday, 16 October 2020 । पृष्ठ ८+४ । मूल्य रू. १०

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

## आर्थिक वर्ष २०७६/०७७ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित

अनुसूची – १४

सोल्टी होटल लिमिटेडको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६/०७७ को चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदनः

### १. वित्तीय विवरण

(क) आर्थिक वर्ष २०७६/०७७ को चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :-
आर्थिक वर्ष २०७६/०७७ अन्तर्गत कम्पनीको ३१ आषाढ २०७७ (१५ जुलाई २०२०) मा समाप्त चौथो त्रैमासिक अवधिको वैधानिक लेखापरिक्षण हुनु पूर्वका (अन्तिम लेखापरीक्षण हुन बांकी) तुलनात्मक वित्तीय विवरणहरु अनुसूची १ मा प्रस्तुत गरिएकोछ ।
चौथो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच होटेलको नियमित व्यावसायिक कारोवार बाहेक अन्य कुनै कारोवार नभएको ।

(ख) आर्थिक वर्ष २०७६/०७७ को चौथो त्रैमासिक अवधि, ३१ आषाढ २०७७ (१५ जुलाई २०२०) मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु :-

| विवरण | चौथो त्रैमासिक अवधि ३१ आषाढ २०७७ (१५ जुलाई २०२०) को अन्त्यमा (लेखापरीक्षण नभएको) | तेश्रो त्रैमासिक अवधि ३१ मार्च २०२० को अन्त्यमा (लेखापरीक्षण नभएको) | चौथो त्रैमासिक अवधि ३१ आषाढ २०७६ (१६ जुलाई २०१९) को अन्त्यमा (लेखापरीक्षण भएको) |
|---|---|---|---|
| प्रमुख वित्तीय सूचांकहरुः | | | |
| ऋण पूंजीको अनुपात | ०.०१ | ०.०१ | ०.०१ |
| शेयरधनीको शेयर पूंजी कोषको प्रतिफल | ०.०६ | ०.०८ | ०.१८ |
| प्रति शेयर आम्दानी (रु.) | १.२५ | १.९२ | ४.०८ |
| प्रति शेयर नेटवर्थ (रु.) | १९.५९ | २३.०१ | २२.२२ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | २९.५० | ३५.४७ | ३३.७६ |
| प्रति शेयर बजार मूल्य (रु. १०/- प्रति शेयर) (रु.) | १५४.०० | १६६.०० | २४४.०० |
| प्राईस अर्निङ्ग रेसियो (टाईम्स) | १२२.७२ | ८६.५४ | ,५९.७९ |
| चालु अनुपात | १.४९ | १.५२ | १.५८ |

### २. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०७६/०७७ को चौथो त्रैमासिकको समीक्षा अवधि २०७७ बैशाख, जेठ तथा असार तीन महिना कोरोना भाईरस कोभिड १९ को कारण नेपाल सरकारबाट घोषित बन्दाबन्दीको परिपालना गर्दै होटेलको सम्पूर्ण व्यावसायीक गतिबिधिहरु पूर्णतः बन्द गरिएकोले सोको प्रत्यक्ष प्रभाव होटेलको आम्दानीमा परेकोछ । यस अवधिमा पनि विश्वभर महामारीको रुपमा फैलिरहेको कोभिड १९ (कोरोना भाईरस) का कारण नेपालमा अन्तर्राष्ट्रिय तथा आन्तरिक पर्यटक आवागमन शून्यमा झरिसकेको अवस्था कायमै रहयो । नेपाल सरकारबाट २०७६ चैत्र ११ गतेबाट कोरोना भाईरस संक्रमण फैलिन नदिन र रोकथामको लागि सम्पूर्ण नेपालमा बन्दाबन्दी (लकडाउन) घोषणाको अवस्था होटेलहरुका लागि ३१ आषाढ २०७७ मसान्त सम्म पनि जारी रहयो । सम्पूर्ण विश्वमानै कोभिड १९ (कोरोना भाईरस) का कारण कतै पूर्ण तथा कतै आंशिक रुपमा विश्वव्यापी रुपमा बन्दाबन्दी (लकडाउन), प्रतिबन्धात्मक यात्राको अवस्था कायम रहेको, विदेशी तथा आन्तरिक पर्यटक आवागमन पूर्ण प्रतिबन्धीत तथा बन्द रहेको अवस्था रहयो । नेपाल गन्तव्यका सबै अन्तर्राष्ट्रिय हवाई उडानहरु बन्द रहे । हवाई सेवा लामो समय सम्म अवरुद्ध भएको र पर्यटकका लागि नेपाल खुल्ला नभएको अवस्था कायमै रहयो । कोभिड १९ (कोरोना भाईरस) को कारण नेपालको पर्यटन उद्योग पूर्णत प्रभावित रहेकोछ । अतः गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको आम्दानी उल्लेख्य रुपमा घटेको छ ।

(ख) आर्थिक वर्ष २०७६/०७७ को चौथो त्रैमासिकको समीक्षा अवधिको अन्त्यमा ३१ आषाढ २०७७ (१५ जुलाई २०२०) सम्मका वित्तीय विवरणहरु अघिल्लो आर्थिक वर्षको सोही अवधिसंग तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनीको कुल आय आर्जन समग्रमा लगभग ३२.४७ प्रतिशतले ह्रास आएको छ जो पूर्णतया कोभिड १९ (कोरोना भाईरस) का कारण अपनाईएको विश्वव्यापी बन्दाबन्दी (लकडाउन) को प्रतिकुल प्रभाव रहेकोछ । कम्पनीको आय आम्दानीमा कोभिड १९ (कोरोना भाईरस) को लगभग चार महिना सम्म कठोर प्रतिकुल प्रभाव परेता पनि कम्पनीको कोभिड १९ (कोरोना भाईरस) बन्दाबन्दी (लकडाउन) शुरु हुनु पूर्वको अवधि (लगभग ८ महिना) मा होटेलको राम्रो आय आर्जन भएका कारण कम्पनीले यस आर्थिक वर्षको अन्त्यमा अनुमानित रु. १० करोड ५७ लाख (आर्थिक वर्षको अन्तिम लेखापरिक्षण हुन बांकी रहेकोछ) मुनाफा गर्न सफल हुने अपेक्षा गरिएकोछ ।

(ग) समिक्षा त्रैमासिक अवधिमा कम्पनीको आम्दानी नगण्य रहयो तथापी कम्पनीको व्यवस्थापकीय कार्यकुशलता तथा आपातकालिन र प्रतिकुल परिस्थितिमा काम गर्ने कौशलता र सुझबुझका साथ कार्यसम्पादन गर्ने रणनितिक कार्यदक्षताका कारण कम्पनीको मौज्दात र तरलताको अवस्था भने औषतनै रहयो । यस पछिको आर्थिक वर्ष २०७७/७८ को प्रथम त्रैमासिक अवधि पनि प्रभावित हुने र अस्थीर रहने समेत लक्षण परिलक्षित भएका छन् ।

(घ) आगामी आर्थिक वर्ष २०७७/७८ को प्रथम त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ (कोरोना भाईरस) का कारण विश्वभरी पर्यटक आवागमन बन्दनै रहने प्रक्षेपण रहेकोछ । अन्तर्राष्ट्रिय स्तरमा सर्वत्र अर्ध र पूर्ण बन्दाबन्दी (लकडाउन) को अवस्था समेत कायम रहने प्रक्षेपणछ । विश्वव्यापी रुपमा सबै अन्तर्राष्ट्रिय हवाई उडानहरु बन्दाबन्दी (लकडाउन) बाट प्रभावित छन् । नेपालका सबै अन्तर्राष्ट्रिय हवाई उडानहरु आंशिकरुपमा संचालन हुन सक्ने सम्भावना भएतापनि यसले पर्यटन खुल्ने सम्भावना देखिदैन । पर्यटक तथा अन्य यात्रुको आवागमन पूर्णत ठप्पनै हुने अनुमान गर्न सकिन्छ । बन्दाबन्दी (लकडाउन) खुलेतापनि यात्रु र पर्यटक कोभिड १९ बिरुद्धको खोप नआए सम्म पर्यटन उद्योग प्रभावित हुने अनुमान लगाउन सकिन्छ । यसबाट आगामी आर्थिक वर्ष २०७७/७८ को प्रथम त्रैमासिक अवधिमा पनि कम्पनीको आम्दानीमा ठुलो न्यूनता आउने अनुमान गर्न सकिन्छ ।

(ङ) समीक्षा अवधिमा नेपाल सरकारबाट कोभिड १९ (कोरोना भाईरस) संक्रमणको रोकथाम गर्ने उद्देश्यले सम्पूर्ण नेपालमा बन्दाबन्दी (लकडाउन) घोषणा गर्दै नेपालका सबै अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई सेवा लगायत सम्पूर्ण गतिबिधिहरुमा प्रतिबन्ध लगाउदै घरमै बस्न अनुरोध गरे पश्चात् सम्पूर्ण पर्यटन गतिबिधिहरु बन्द रहेकाले कम्पनीको खुद मुनाफा गत वर्षको तुलनामा उल्लेख्य रुपमा घटेको छ ।

कम्पनीले समिक्षा चौथो त्रैमासिक अवधिमा व्यवस्थापकीय कार्यकुशलता सहित अधिकतम मितव्ययिता अपनाउदै व्यवसायमा आईपर्ने कुनै पनि प्रतिकुल परिस्थितिहरुबाट पर्नसक्ने प्रभावलाई अधिकतम रुपमा न्यूनिकरण गर्दै कुशल व्यवस्थापकीय रणनितिका साथ व्यवसायको सुक्ष्म व्यवस्थापनका साथै कम्पनीको मुनाफामा हुने ह्रासलाई तुलनात्मक रुपले कम गर्ने नितिलाई कठोरताका साथ पालना गरिएको छ । साथै, आगामी आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमापनि यो नितिलाई कायम राख्दै सापेक्षरुपमा सो अवधिको होटेलको आम्दानीको शून्यता लाई समेत दृष्ठिगत गर्दै सोहि अनुकुल खर्चलाई पूर्णतः नियन्त्रणात्मक गतिबिधिहरु तर्फ कडाईका साथ लागु गर्ने तर्फ उन्मूख रहदै, शसक्त व्यवस्थापकीय दक्षताका साथ उचित पाईला चाल्दै कम्पनीलाई व्यवसायिक नोक्सानीबाट बचाउने तर्फ पूर्ण ध्यान केंद्रित गर्नेछ ।

### ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०७६/७७ को चौथो त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०७६/७७ को चौथो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०७६/७७ को चौथो त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ । शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७६/७७ को आषाढ मसान्त २०७७ मा अन्त्य भएको चौथो त्रैमासिक अवधिमा प्रति शेयर रु. १०/- का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छः-

| त्रैमासिक आ.व. २०७६/७७ (२०१९/२०) | शेयरको कारोबार - मूल्य (रु.) | | | कूल शेयरको कारोबार - दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या | कूल कारोबार शेयर संख्या |
| चौथो त्रैमासिक (२०७७ आषाढ मसान्त) | १७३/- | १३८/- | १५४/- | १२ | ३६६ | १३४,९५७ |

